प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं.१
विराटनगर (नेपाल)

फोन नं.: ०२१-४६००७८, ०२१-४६०२२४, ०२१-४६०४४६

पत्र संख्या :
चलानी नं. :

# होमस्टे अद्यावधिक गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ।

सूचना प्रकाशित मितिः २०७७/०४/३२

प्रस्तुत विषयमा होमस्टे व्यवसायको नियमनको लागि प्रदेश नं. १ को मन्त्रिपरिषदले होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ स्वीकृत गरी लागू गरिसकेको छ । उक्त कार्यविधिको दफा ७ को उपदफा (१) मा कार्यविधि प्रारम्भ हुनुअघि प्रदेशमा सञ्चालित निजी तथा सामुदायिक होमस्टेले सम्वन्धित कार्यालयमा गई प्रदेशस्तरको होमस्टेको रुपमा अद्यावधिक गर्नु पर्ने व्यवस्था गरिएको हुँदा होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ को दफा ७ को उपदफा (२) बमोजिम यो सूचना प्रकाशन गरिएको छ । सम्वन्धित होमस्टे व्यवसायीहरुले यो सूचना प्रकाशन भएको मितिले ६ (छ) महिना भित्र देहायका कागजात संलग्न गरी पर्यटन कार्यालय रहेको जिल्लाको हकमा सम्वन्धित जिल्लाको पर्यटन कार्यालय र नभएको हकमा सम्वन्धित जिल्लाको घरेलु तथा साना उद्योग कार्यालयमा गई प्रदेशस्तरको होमस्टेको रुपमा अद्यावधिक गराउनुहुन अनुरोध छ ।

<u>आवश्यक कागजातः</u>

(क) होमस्टे दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,
(ख) होमस्टे नवीकरण भएको अद्यावधिक विवरण,
(ग) नवीकरण अवधि सम्मको लेखापरीक्षण प्रतिवेदन,
(घ) होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ को अनुसूची-५ बमोजिमको ढाँचामा पछिल्लो वार्षिक प्रगति प्रतिबेदन,
(ङ) कर चुक्ता प्रमाणपत्र,
(च) सामुदायिक होमस्टेको हकमा होमस्टे व्यवस्थापन तथा संचालक समितिको पछिल्लो प्रगति प्रतिवेदन र फर्मको रुपमा दर्ता गरी सञ्चालन गरेको भए फर्म दर्ता नवीकरण प्रमाण पत्रको प्रतिलिपी (पर्यटन पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरेको भए सोको प्रगति विवरण),
(छ) सामुदायिक होमस्टेको हकमा माथिको विवरण सहित व्यवस्थापन समितिको निर्णयको प्रतिलिपी,
(ज) होमस्टे सञ्चालकको दुई/दुई प्रति फोटो,
(झ) प्रस्तावना पत्रको प्रमाणित प्रतिलिपी,
(ञ) सम्वन्धित स्थानीय तहको सिफारिस पत्र ।

**होमस्टे अद्यावधिक गर्ने अन्तिम मितिः २०७७ माघ मसान्त ।**

पुनश्चः

(क) अद्यावधिक भएका होमस्टेहरुले होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ मा तोकिएको मापदण्ड र अन्य शर्त अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।
(ख) उल्लेखित अवधिभित्र अद्यावधिक नगर्ने होमस्टेलाई मन्त्रालयले होमस्टे सञ्चालनमा रोक लगाउनेछ ।

२०७७/०४/३२
होमनाथ भट्टराई
उप सचिव

E-mail: moitfepradesh1@gmail.com
Website: moitfe.p1.gov.np